पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।
067 – 411101
067 – 411102
info@paiyunmun.gov.np
paiyungapa@gmail.com
www.paiyunmun.gov.np

आ.व:
च.नं.

**५०% लागत सहभागितामा कफिको विरुवा वितरण कार्यक्रममा आवेदन दिने सम्बन्धी सूचना !**

सूचना प्रकाशित मितिः २०८३/०२/२७

आ.व २०८२/८३ पैयूँ गाउँपालिका कृषि शाखाको वार्षिक स्वीकृत कार्यक्रम तर्फ ५०% लागत सहभागितामा कफि बिरुवा वितरण कार्यक्रम अन्तर्गत ५०% लागत सहभागितामा कफिको विरुवा वितरण गर्नुपर्ने भएकाले यस पैयूँ गाउँपालिकाका ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि फर्महरूलाई यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (मिति २०८३ असार ०३ गते सम्म) माग गरिएको कफि बिरुवाको परिमाण र ५०% लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता खुल्ने गरी तपशिल बमोजिमका कागजातहरू सहित गाउँकार्यपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>आवश्यक कागजातहरु:</u>

१. कार्यक्रम मागको निवेदन।
२. नेपाली नागरिकता प्रमाण पत्र प्रतिलिपि।
३. निजी कृषि फर्म/कृषि सहकारी/कृषक समूह दर्ता तथा नवीकरण प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि।
४. कृषि सहकारी/कृषक समूहको हकमा बिरुवा माग गर्ने कृषकको नाम ठेगाना तथा माग संख्या सहितको विवरण उल्लेख गरिएको कार्य समितिको निर्णय प्रतिलिपि।
५. सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र।

२०८३/०२/२६
जिवन गैरे
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ</u>

श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन।
श्री वडा कार्यलय सबै, सूचना टाँस गरी आफ्नो वडाका कृषकहरुलाई जानकारी गरिदिनुहुन।

<u>थप जानकारीको लागि (कृषि शाखा)</u>

९८४०५३८४२२, ९८६४१४९३९५

<u>नोटः विरुवा माग गर्दा कम्तिमा १० वटा विरुवा माग गर्नुपर्नेछ।</u>